# लम्कीचुहा नगरपालिकाको विपन्न वर्ग रोजगार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

लम्कीचुहा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०५।३०

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# लम्कीचुहा नगरपालिकाको बिपन्न बर्ग रोजगार कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८१

मुलुकको राजनितिक परिवर्तन संगसगै राज्यले जनताको लागि विभिन्न किसिमका सुविधाहरु उपलब्ध गराउने तथा युवा-युवतीहरुलाई सक्षम बनाउनका लागि विभिन्न किसिमका सीपमुलक तालिम कार्यक्रमहरु स्थानीय सरकारको कार्ययोजना मार्फत प्रदान गर्ने दिर्घकालिन सोच रहेको छ। देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्बन गरे अनुरुप युवाहरुलाई सीप विकास र रोजगार तथा स्वरोजगारका उपयुक्त अवसर उपलब्ध गराई युवा वर्गको क्षमतालाई राष्ट्रिय विकासको मुलधारमा ल्याउनु जरुरी भएको छ। मुलुकको जनशक्तिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजार अनुकुलको ज्ञान तथा सीप प्रदान गरि रोजगारीका अवसरहरु प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो। मुलुकको वेरोजगारी समस्या लाई न्युनिकरण गर्ने दिशामा नेपाल सरकार विभिन्न स्थानीय तह  माफ्र्रत विगतका केहि वर्ष देखि उच्च प्रतिवद्धताका साथ सीपमुलक तालिमहरु संचालन गर्ने कार्यमा क्रियाशिल रहदै आएकोछ। नेपाल एउटा विकासोन्मुख राष्ट्र भएकोले यहाँका विभिन्न पूर्वाधारहरु निर्माण गर्नु पर्ने आवश्यक्ता रहेको छ। यसका लागि नेपाल सरकारलाई ठुलो मात्रामा दक्ष श्रम शक्तिको खाचो रहेको छ। नेपाल एउटा प्राकृतिक श्रोत र साधनको धनि राष्ट्र हो, तर त्यसको सहि सदुपयोग हुन नसक्दा देशले आर्थिक परिवर्तन गर्न सकिरहेको छैन। यदि देशका युवा वर्गहरुलाई विभिन्न किसिमका सीपमुलक तालिमहरु दिन सकेको खण्डमा निश्चित रुपमा रोजगारीका अवसरहरु वढन जाने तथा स्थानीय स्तरमा भएको श्रोत र साधनहरुको सजिलै सदुपयोग हुन जानेछ। वर्तमान अवस्थामा नेपाली युवाहरु दैनिक रुपमा ३५०० को हाराहारीमा वैदेशिक रोजगारीको लागि विदेशिने क्रम जारी छ। ती जनशक्ति सीपयुक्त भएर जान सकेको खण्डमा मात्रै शोषणरहित, हिंसारहित हुनेछन्। लम्कीचुहा नगरपालिका भित्र बसोवास गने आर्थिक, सामाजिक, साँस्कृतिक, लैंगिक, जातिय, भौगोलिक, शारीरिक, भाषिक, उमेर समूह तथा धार्मिक विविधता लगायतका कारणले राज्यको श्रोत र सेवामा प्रयाप्त पँहुच पुग्न नसकेको व्यक्ति, समुदाय, वर्ग तथा समूहको राज्यको श्रोत र सेवामा समानुपातिक पहुँच विस्तार गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नमा सहयोग पुर्याउन विभिन्न क्रियाकलापहरुको निजहरुकै पूर्ण सहभागितामा कार्यान्वयनको लागि कानून व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लम्कीचुहा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरि लम्कीचुहा नगर कार्यपालिकाको मिति २०८१।०५।३० गतेको बैठकबाट बिपन्न बर्ग रोजगार कार्यक्रम कार्यबिधि २०८१ पारित गरि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम बिपन्न बर्ग रोजगार कार्यक्रम सञ्चालन कार्यबिधि २०८१ रहेको छ। यो कार्यविधि नगरपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, विपन्न वर्ग रोजगार कार्यक्रम :

(क) " प्रमुख" भन्नाले लम्कीचुहा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।
(ख) "कार्यपालिका" भन्नाले लम्कीचुहा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।
(ग) "कार्यपालिका सदस्य" लम्कीचुहा नगरकार्यपालिका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।
(घ) "नगरपालिका" भन्नाले लम्कीचुहा नगरपालिका सम्झनु पर्छ।
(ङ) "नगर प्रमुख" भन्नाले लम्कीचुहा नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लम्कीचुहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको कार्य जिम्मेवारी पाई कामकाज गरिरहेको ब्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "विपन्न वर्ग " भन्नाले यस नगरपालिका भित्र स्थायीरुपमा बसोवास गर्ने महिला, दलित, जनजाती, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, वालवालिक, एकल महिला, विधवा महिला, युवा, विपन्न वर्ग तथा पिछडिएको समुदाय र भूगोल समेतलाई सम्झनु पर्दछ ।

(ज) "विपन्न वर्ग रोजगार कार्यक्रम" भन्नाले लक्षित वर्गको समग्र विकासको लागि यस कार्यविधिको अनसूचि १ मा उल्लेख गरिए बमोजिमका कार्यक्रमहरु सम्झनु पर्दछ ।

(झ) "विषयगत शाखा" भन्नाले लम्कीचुहा नगरपालिकाको कार्यालय अन्तर्गत सबै विषयगत शाखा सम्झनुपदर्छ ।

(ञ) "सहयोग तथा समन्वय समिति" भन्नाल यस कार्यविधिको दफा ८ र ९ बमोजिमको समिति सम्झनु पर्दछ ।

**३. उद्देश्य र कार्यक्षेत्र :** (१) यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) नगरपालिकाको स्रोत बाट विपन्न बर्ग रोजगार कार्यक्रमका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ख) लक्षित वर्गका लागि विनियोजन गरिने स्रोत र साधनलाई उद्देश्यमुलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निमार्ण गर्न सघाउ पुर्याउने ।

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तिकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(घ) लक्षित वर्गका लागि बैज्ञानिक पद्धतिबाट कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ङ) लक्षित वर्ग समुदायको बहुपक्षीय हीत प्रवद्र्धन गर्नु ।

(च) लक्षित समुदायका व्यक्तिहरुको आर्थिक, सामाजिक विकासका लागि कार्यक्रमहरुको व्यवस्थापन गर्नु,

(छ) लक्षित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जन तथा समाजिक सुरक्षाका कार्यक्रम संचालन गर्नु ।

(२) कार्यबिधिको कार्यक्षेत्र नगरपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने बित्तिय समानिकरण अनुदान, बिशेष अनुदान राजस्व बाँडफाँड प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकम, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने रकमहरुबाट लक्षित वर्गको बँजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने विषयसँग सम्वन्धित हुनेछ । तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि नगरपालिकासँग भएको सम्झौता बमोजिम लक्षित्त वर्गको कार्यक्रम वा योजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुर्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा योजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरु नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

**४. विपन्न वर्ग रोजगार कार्यक्रममा बजेट विनियोजन तथा कार्यक्रम तजुमा :** (१) यस कार्यविधि बमोजिम लक्षित वर्ग विकास कार्यक्रमहरुको लागि वजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको योजना तजुमा दिग्दर्शन २०७८ तथा अन्य प्रचलित कानूनको अधिनमा रही नगरसभाबाट देहाय बमोजिमको समूहगत रुपमा विनियोजन गरिनेछ ।

(क) सवै जातजातिका महिलाहरु लक्षित कार्यक्रम
(ख) सवै जातजातिका विपन्न वर्गका वालवालिकाहरु लक्षित कार्यक्रम
(ग) दलित लक्षित कार्यक्रम
(घ) जनजाती लक्षित कार्यक्रम
(ङ) सवै जातजातिका युवा लक्षित कार्यक्रम
(च) सवै जातजातिका विपन्न वर्गका जेष्ठ नागरिक लक्षित कार्यक्रम
(छ) सवै जातजातिका विपन्न वर्गका एकल तथा विधवा महिला लक्षित कार्यक्रम

(२) उपदफा (१) बमोजिमका विभिन्न समूहगतरुपमा वजेट विनियोजन गर्दा नगर कार्यपालिकाको निर्णय बमोजिम निश्चित प्रतिशत रकम वा एकमुष्ट रुपमा गर्न सकिनेछ

(३) दफा १ मा उल्लेख भएका बर्गहरुबाट कार्यक्रम सन्चालनको लागि छनौट गर्दा सम्भव भए सम्म बिपन्न बर्गको प्रतिनिधित्व हुने गरी प्राथमिकताका आधारमा हुनेछ।

(४) नगरपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी लक्षित वर्गका कार्यक्रमहरु तजुमा गर्नेछ ।

(५) लक्षित वर्गका कार्यक्रमहरु तजुमा गर्दा अनुसूची १ मा उल्लेखित कार्यक्रम तथा आयोजनाहरु बमोजिम गर्नुपर्नेछ ।

(६) नगरपालिकाको वार्षिक योजना तजुमाका चरणमै लक्षित वर्ग कार्यक्रम पनि तर्जुमा गर्न सक्नेछ ।

(७) नगरसभाले कार्यक्रम तर्जुमा सम्बन्धि अख्तियार नगर कार्यापालिकालाई दिएको खण्डमा नगर कार्यपालिकाको बैठकबाट समेत कार्यक्रम पारित गरी लागु गर्न सकिनेछ ।

८. लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा नगरपालिकाले समग्र योजना तर्जुमा गर्दा लिने आधाहरुका अतिरिक्त निम्न बमोजिमका आधाहरु लिनु पर्नेछ ।

(क) पूर्वाधार योजनाका सम्बन्धमा लक्षित वर्गलाई हित हुने दिर्घकालिन लाभजन्य योजना तर्जुमा तथा कार्यान्व्यन गर्ने,
(ख) योजना कार्यान्वियन हुने क्षेत्रको मौलिकता र सँस्कृतिको प्रवर्‍धन गर्ने खालका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,
(ग) लक्षित वर्गको क्षमता वा सिप विकास र रोजगारिमुलक कार्यक्रम तर्जुमा तथा कार्यावन्वयन,
(घ) स्थानीय उत्पादनको सदुपयोग र प्रवद्धन गअर्ने खालको योजना तथा कार्यक्रम तर्जुमा गर्ने,
(ङ) स्थानीय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन तथा बितरण गर्ने,
(च) सहभागितामूलक रुपमा संचालन गर्न सकिने योजना तथा कार्यक्रमहरु ।

९. सशर्त अनुदान अन्तर्गत संचालन हुने लक्षित वर्गका कार्यक्रमहरु अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरु बमोजिम नै संचालन हुनेछन् । तर, योजना तर्जुमाका चरणमै यस्ता कार्यक्रमहरु छनौट गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन ।

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**५. विपन्न वर्ग रोजगार कार्यक्रमको कार्यान्वयन प्रक्रिया :** (१) यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने विपन्न रोजगार कार्यक्रमहरुको कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही देहयी बमोजिम गरिने छ ।

(क) विपन्न वर्ग रोजगार कार्यक्रम वा योजना कार्यान्वयन गर्दा लम्कि चुँहा नगरपालिकाको आर्थिक ऐन, विनियोजन ऐन तथा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र खर्च गर्ने अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) योजनागत रुपमा नगर सभाले पारित गरेका लक्षित वर्ग सम्बन्धी योजना तथा कार्यक्रमहरु वार्षिक कार्य योजना अनुसार कार्यान्वयन हुनेछन् । तर, यो योजनागत रुपमा नछुट्याइ एकमुष्ट बजेट विनियोजन भएको अवस्थामा कार्यविधिको दफा ९ बमोजिमको वडा स्तरीय सहयोग तथा समन्वय समिति र दफा ८ बमोजिमको नगर स्तरीय सहयोग तथा समन्वय समितिको सिफारिस अनुसार नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन गरिनेछ ।

(ग) लक्षित वर्गका लागि छुटयाइएको बजेटबाट योजना तथा कार्यक्रम संचालन गर्दा लक्षित वर्गको कुनै संघ सँगठन वा संस्था मार्फत सीधै अनुदान उपलब्ध गराउन पाइने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लेखित योजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले लतोकेको प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(घ) विपन्न वर्ग रोजगार कार्यक्रमहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा गर्नुपर्नेछ ।

(ङ) कार्यक्रम वा योजना सञ्चालन गर्दा वडा समिति र सम्बन्धित शाखालाई संलग्न गराइनेछ साथै लक्षित वर्गहरुको सहभागितामा गठन/स्थापना गरिएका बिभिन्न संस्था बा संजाल, सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिनेछ ।

(च) पूर्वाधार निमार्ण तथा मर्मत सम्बन्धि योजनाहरु कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गरिनेछ । साथै सामुदायिक संस्था र गैरसरकारी संस्थाबाट लागत सहभागिता हुने कार्यक्रमलाई समेत प्रोत्साहन गरिनेछ ।

(छ) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा लक्षित वर्ग समुदायिक व्यक्तिहरुको कम्तिमा ६० प्रतिशत प्रतिनिधित्व हुनु पर्नेछ, भने उपभोक्ता समिति सम्बन्धि अन्य प्रावधान यस नगरपालिकाको उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि बमोजिम नै हुनेछ ।

(ज) कार्यक्रम वा योजना कार्यान्वउन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा योजना सम्पन्न गर्नु पर्नेछ । जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग नगरपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(झ) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना गराई सोही बमोजिम गर्नुपर्नेछ ।

(ञ) लक्षित वर्ग विकास कार्यवmममा छुट्याएको रकम सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन ।



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(ट) विपन्न वर्ग रोजगार सम्बन्धि सञ्चालित सबै योजनाको अनुगमन गर्नुपर्नेछ ।

**६. तालिम तथा क्षमता विकास सम्बन्धि कार्यक्रम संचालित व्यवस्था :** (१) नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा लक्षित वर्ग तर्फको तालिम वा क्षमता विकास सम्बन्धि कार्यक्रम संचालन गर्ने व्यवस्था भएमा बमोजिम अल्पकालीन, मध्यमकालिन तथा दीर्घकालीन तालिम वा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । नगरपालिकाले आंफै वा तालिम प्रदायक संस्था मार्फत लक्षित वर्गहरुको सहभागितामा गठन÷स्थापना गरिएका विभिन्न संस्था वा संजालहरुसँगको समन्वय तथ सिफारिस बमोजिम यस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) तालिमको विषयवस्तु अनुसार पाठ्यक्रम तयार गर्नु पर्नेछ । यसका अलवा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट तयार गरिएको पाठ्यक्रम, शहरी विकास तथा भवन निमार्ण विभागबाट तयार गरिएको पाठ्क्रम, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र वा अन्य सरकारी निकायबाट तयार गरिएको पाठ्यक्रमहरु प्रयोग गर्न सकिनेछ ।

(३) लक्षित वर्गका लागि संचालन गरिने तालिमहरु पुननिमार्ण र पुनस्थापनासँग सम्बन्धि दक्षता अभिवृद्धि र चेतनामूलक तथा अध्ययन, अवलोकन, अनुसन्धानमूलक हुनु पर्नेछ । यसैगरी लक्षित वर्गका सदस्यहरुको सीप विकास, क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि तालिमहरु संचालन गरिनु पर्नेछ ।

(४) लक्षित वर्गका कार्यक्रमहरुलाई सहयोग र समन्वयन गर्नका लागि यस कार्यविधिको दफा ८ र ९ मा व्यवस्था भए बमोजिमको सहयोग र समन्वय समिति गठन हुनेछ । उक्त समितिले तालिमको पहिचान, बजेट विनियोजन, तालिमका सहभागीहरुको छनौट तथा तालिम सञ्चालनको स्वीकृति प्रदान गर्नेछ ।

(५) नगरपालिका वा तालिम प्रदायिक संस्थाले सम्बन्धित विषयमा योग्यता पुगेको प्रशिक्षकबाट प्रशिक्षण गराउनु पर्नेछ । कुनै एक संस्थासंग आवद्ध भएको प्रशिक्षकलाई एकै समयमा अर्को संस्थामा समानान्तर प्रशिक्षण गरी छनोट गर्न पाईने छैन ।

(६) तालिक सञ्चालन गर्दा नगर कार्यपालिकाको कार्यालयले तोकेको स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ ।

(७) तालिममा संलग्न प्रशिक्षक, सहभागी, टिप्पणीकर्ता, संयोजक, सहयोगीको भता तथा प्रतिवेदकको पारिश्रमिक नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

(८) तालिम प्रदायक संस्थाले आवश्यकता अनुसार तालिमका सहभागीहरुलाई तालिम पूरा भएपछि तालिमको अवधि र विषय खुलेको प्रमाणपत्र दिनु पर्नेछ ।

(९) नगरपालिका तथा वडा कार्यालयले संचालित तालिम कार्यक्रमको नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा पूल्यांकन गर्नेछन । सुपरीवेक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ ।

**७. जनप्रतिनिधिहरुको सञ्जाल/मञ्च गठन गर्न सकिने :** (१) विपन्न वर्ग रोजगार कार्यक्रमको प्रभावकारी योजना तर्जुमा, कार्यान्वय तथा अनुगमन र मूल्यांकनमा आवश्यक सहयोग, समन्वय, परामर्श तथा सिफारिस गर्नको लागि



लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरपालिकामा सहभागितामा सम्वन्धि लक्षित वर्गको प्रतिनिधित्व गर्दै निर्वाचित भएका जनप्रतिनिधिहरुको सहभागितामा सञ्जाल/मञ्च गठन गर्न सकिनेछ ।

(२) सञ्जाल/मञ्च गठन गर्दा नगरपालिकामा प्रतिनिधित्व गर्ने सम्वन्धि लक्षित वर्गका जनप्रतिनिधिहरुको भेलाबाट गर्नुपर्नेछ । सञ्जाल/मञ्चको कार्यसमितिमा संयोजक, सचिव, कोषाध्यक्षलगायतका आवश्यक संख्यामा सदस्यहरु रहनेछन् भने सञ्जाल/मञ्चको कार्यसमितिमा विभिन्न भौगोलिक क्षेत्र र समुदायको समानुपातिक सहभागीता सुनिश्चित गर्नुपर्नेछ ।

(३) यसरी गठन भएको सञ्जाल/मञ्चले वार्षिक कार्यक्रम तर्जुमा गरी वडा स्तरीय तथा नगर स्तरीय सहयोग तथा समन्वय समितिसमक्ष सिफारिस तथा कार्यान्वयनमा आवश्यक सहयोग र कार्यान्वयन भएका योजना तथा कार्यक्रमको अनुगमन गरी प्रतिवेदन गर्नुपर्नेछ ।

**८. नगर स्तरीय सहयोग तथा समन्वय समिति :** (१) दफा ७ बमोजिमको मञ्चको सिफारिस बमोजिम बिपन्न वर्ग रोजगार कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयनमा आवश्यक सहयोग तथा समन्वय गर्न नगरपालिका स्तरमा देहाय बमोजिमको एक सहयोग तथा समन्वय समिति रहनेछ :

(क) नगर उपप्रमुख : संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक : सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्येवाट विभिन्न लक्षित बर्गबाट प्रतिनिधित्व हुनेगरी नगर प्रमुखले तोकेको १ जना महिला सहित २ जना : सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख : सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख : सदस्य

(छ) उद्यम विकास शाखा प्रमुख : सदस्य

(ज) लैंगिक समता तथा सामाजिक विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी : सदस्य सचिव

(२) उपरोक्त समितिले आवश्यक ठानेमा अन्य विषय विज्ञलाई पनि सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधिको दफा ७ बमोजिमको जनप्रतिनिधिहरुको संजाल/मञ्च गठन नभएको अवस्थामा पनि उल्लेखित समितिले आफ्नो कार्य गर्न वाधा पर्नेछैन ।

(४)उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :

(क) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस कार्यविधि बमोजिम विपन्न वर्गका कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुर्याउने,

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

(ख) नगर सभाबाट विपन्न वर्ग कार्यक्रम रुपमा विनियोजित बजेट बाँडफाँड गर्ने मापदण्ड तय गर्ने,

(ग) विपन्न वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा उद्यावधिक गरी व्यवस्थित गर्न लगाउने,

(घ) नगर सभाबाट पारित विपन्न वर्ग रोजगार कार्यक्रम सम्बन्धी बजेट तथा कार्यक्रम कार्यान्वियनमा सहयोग र समन्वय गर्ने,

(ङ) विपन्न वर्ग रोजगार कार्यक्रमको लागि एकमुष्ट बजेट विनियोजन गरिएको अवस्थामा सो को कार्यान्वयनको लागि कार्यक्रम तर्जुमामा सहिजकरण तथा वार्षिक कार्यक्रम स्वीकृतिको लागि नगर कार्यपालिका समक्ष सिफारिस सहित पेश गर्ने,

(५) उपरोक्त समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नु पर्नेछ । तर आवश्यक परे जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ । बैठकमा भाग लिए वापत समितिका सदस्यहरुले नगर कार्यपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**९. वडास्तरीय सहयोग तथा समन्वय समिति :** (१) वडास्तरमा विपन्न वर्ग रोजगार कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वियनमा आवश्यक सहयोग तथा समन्वय गर्न नगरपालिकाका सवै वडाहरुमा देहाय बमोजिमको एक सहयोग तथा समन्जय समिति रहनेछ :

| | |
|---|---|
| (क) महिला सदस्य | : संयोजक |
| (ख) वडा सदस्यहरु ३ जना | : सदस्य |
| (ग) वडा सचिव | : सदस्य सचिव |

(२) उपरोक्त समितिले वडा अध्यक्षसँगको समन्वयमा काम गर्नु पर्नेछ ।

(३) उपरोक्त वडास्तरीय सहयोग तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) वार्षिक योजना तर्जुमा गर्दा विपन्न वर्ग रोजगार योजना तथा कार्यक्रम छनौट र प्राथमिकिकरण गर्न सहजीकरण गर्ने ।

(ख) नगरपालिकाबाट आफ्नो वडामा विनियोजन भएको लक्षित वर्ग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) विपन्न वर्ग रोजगार अन्तर्गत सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

(घ) नगरस्तरीय सहयोग तथा समन्वय समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) उपरोक्त बमोजिमको वडास्तरीय सहयोग तथा समन्वय समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नु पर्नेछ । तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ । बैठकमा भाग लिएद वापत वडा समितिका सदस्यहरुले वडा समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् । लक्षित वर्ग विकास कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन एवं जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था यस नगरपालिकास्तरबाट तथा नगरपालिकाका वडास्तरबाट कार्यान्वयन गरिने लक्षित वर्ग विकास कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन एवं जाँचपास तथा फरफारक कार्य प्रचलित कानून बमोजिम नगरपालिकामार्फत कार्यान्वयन गरिने अन्य योजना तथा कार्यक्रममा गरिए बमोजिम हुनेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय भक्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

**१०. प्रतिवेदन पेश गर्नु पर्ने :** यस कार्यविधि बमोजिम कार्यान्वयन गरिएका लक्षित वर्ग विकास कार्यक्रमको प्रगति प्रतिबेदन प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्नेछ भने कार्यपालिकाले सो प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्न सक्नेछ ।

**११. लेखा परीक्षण हुने :** यो कार्यविधि बमोजिम खर्च गरिएको रकमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. संशोधन गर्न सक्ने :** यो कार्यविधि तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१३. वाधा अड्काउ फुकाउ अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**१४. स्वत : खारेज हुने :** यो कार्यविधि तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वत : खारेज भएको मानिने छ ।

## अनुसूची : १

(कार्यविधिको दफा ४ को उपदफा (५) सँग सम्वन्धित )

विपन्न वर्ग रोजगार कार्यक्रम अन्तर्गत छनौट गर्न सकिने योजना तथा कार्यक्रमहरुको विवरण (यस विवरणभन्दा बाहेकका योजना तथा कार्यक्रम छनौट गर्न नपाइने भन्ने बाध्यात्मक अवस्था होइन, तर छनौट भएको योजना तथा कार्यक्रम लक्षित वर्गका लागि हो भन्ने पुष्ट्याई दिन सक्ने खालको हुनु पनेछ )

**(१) सबै जातजातिका महिलाहरु तथा एकल/विधुवा महिला लक्षित कार्यक्रम :**

**क. पूर्वाधार विकास :**

- ✓ स्वास्थ्य तथा सरसफाई : प्रसुतीगृह निमार्ण तथा मर्मत सुधार, प्रसुतटी एवं स्वास्थ्य जाँचका लागि आवश्यक पर्ने सामाग्री,
- ✓ खानेपानी तथा सरसफाई : इनार निर्माण तथा मर्मत, धारा निमार्ण तथा मर्मत सुधार, टयाङ्गी निमार्ण, खानेपानी श्रेत संरक्षण आदी,
- ✓ अन्य पूवाधारहरु : बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, खाद्य प्रशोधन आदि योजनाहरु, हिंसा पिडित महिला र किशोरीको लागि अस्थायी आवास गृह निमार्ण र मर्मत सुधार, अपाङ्ग महिलाहरु र किशोरीहरुको लागि सहयोग योजनाहरु जस्तै : छात्राबास, स्थानीय तहका सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा तालिम सञ्चालन गर्न सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपुरक कोष आदि कार्यक्रम ।

**ख. प्रवर्धनात्मक (सामाजिक बिकास/क्षमता बिकास/आर्थिक बिकास/सीप बिकास र अन्य) कार्यक्रमहरु :**

- ✓ प्रजनन् स्वास्थ्य सम्वन्धी कार्यक्रम
- ✓ पाठेघर सम्वन्धी समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम
- ✓ एच.आई.भी/एडस् सम्वन्धी जनचेतना जगाउने आदि कार्यक्रम
- ✓ महिलाहरुको लागि लोक सेवा/शिक्षक सेवा लगायत अन्य विभिन्न सरकारी सेवा तयारी कक्षा सञ्चालन,
- ✓ वैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास, जस्तैः ब्युटीपार्लर तालिम सेक्युरिटी गार्ड तालिम तथा मोटरसाईकल स्कुटर बनाउने तालिम लगायत अन्य ।
- ✓ महिला सम्वन्धी विभिन्न नीतिगत प्रावधानहरु बारेमा जानकारी दिने कार्यक्रम
- ✓ महिला नेतृत्व विकास, सशक्तिकरण (सामाजिक, राजनैतिक र आर्थिक) कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्वन्धी कार्यक्रम,
- ✓ महिला साक्षरता सम्वन्धी कार्यक्रम, किशोरीहरुको लागि जीवन उपयोगी सिप,
- ✓ महिला सहकारीहरुको क्षमता विकासको लागि सहयोग (उदाहरणः प्रस्तावना लेखन सम्वन्धी तालिम, नेतृत्व विकास आदि)

लम्कीचुहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- ✓ महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयमसेविकाहरुलाई क्षमता अभिवृद्धि, प्रोत्साहन पुरस्कार, गरीब महिला सामुदायिक संस्थाहरुलाई स्थानीय सरकार सञ्चालन तथा न्यायिक समिति सम्वन्धी अनुशिक्षण तालिम,
- ✓ लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन र महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्वन्धी कार्यक्रम,
- ✓ महिला सम्वन्धी मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम (बालविवाह, बहुविवाह, जारीप्रथा आदि),
- ✓ महिला सञ्जाल, समुदायिक संस्था र सहकारी संस्थाहरुको महिलाहरुको नेतत्व विकास र विकासमा पहूँच बृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना तथा सञ्चारमा महिलाहरुको सहभागिता र पहूँच वृद्धि गर्ने कार्यक्रम
- ✓ (जस्तै : किशोरीहरुलाई पत्रकारिता, कम्प्यूटर सम्वन्धी विस्तृत तालिम, महिला तथा किशोरीहरुको सामुदायिक संस्था तथा सहकारीहरुको वचत तथा लेखा व्यवस्थापनमा क्षमता विकास, जीवनउपयोगी शिक्षा आदि),
- ✓ विपन्न वर्गका महिलाहरुको लागि क्षमता विकास कार्यक्रम (समूह निमार्ण, लघुउद्यम विकास योजना तर्जुमा सम्वन्धी कार्यक्रममहरु जस्तै : करेसावारी, फलफूल प्रशोधन, सिलाईकटाई, कम्प्युटर, रेडियो, होटल तथा मोवाई मर्मत) आदि ।
- ✓ यसैगरी आर्थिक सीप विकास व्यवस्थापन तर्फ कृषिमा आधारित कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघु उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन,
- ✓ जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफूल खेती विकास, माटो सुधार, विघ बिजन, उन्नत प्रबिधिको बिस्तार, महिलाहरुको आय बृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु र अन्य कृषि, पशुविकास तथा सहकारी सम्वन्धी क्रियाकलापहरु,
- ✓ यसै गरी गैर कृषिमा आधारित घरेलु तथा लघुउद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकीकरण गर्ने,
- ✓ गरीव, एकल तथा विधवा महिलाहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुर्याउने खालका मागमा आधारित तालिम तथा सीपहरु ।

**(२) सवै जातजातिका विपन्न वर्गका वालवालिकाहरु तथा युवा लक्षित कार्यक्रम**

**(क) पूर्वाधार विकास :**

- ✓ बालमैत्री नगरपालिका उन्मुख कार्यक्रमहरु, प्राथमिक शिक्षा (प्रारम्भिक बालविकास भवन, खेलकुद मैदान, खेलकुद सामाग्री, विद्यालय मर्मत सुधार, फर्निचर, पुस्तकालय निमार्ण तथा मर्मत सुधार, सौचालय निमार्ण तथा मर्मत सुधार, खानेपानी तथा सरसफाई आदि कार्यक्रम, हिंसा पिडित बालिकाका लागि आकस्मिक संरक्षण स्थल आदि ।)

**ख. . प्रवर्धनात्मक कार्यक्रम (सामाजिक विकास/क्षमता विकास/आर्थिक विकास/सीप विकास र अन्य) :**



... नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

- ✓ बाल अधिकारको आधारमा विभिन्न बाल मैत्री सूचकहरुको विकास गरी बाल मैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने,
- ✓ नगरपालिकाको योजना तर्जुमा कार्यक्रममा बालबालिकाहरुको सहभागिता वृद्धि र बालबालिकाहरुको विकासको लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रम,
- ✓ वालमैत्री शैक्षिक सामाग्री, बाल मैत्री शिक्षण सिकाई (शिक्षक÷शिक्षिका तालिम, शिक्षण सामाग्रीहरु, बातावरण सुधार आदि कार्यक्रम),
- ✓ बाल क्लब र बालबालिका समूहहरुको संस्थागत विकास र व्यवस्थापन (नेतत्व विकास, क्षमता विकास कार्यक्रम),
- ✓ नगरपालिका तथा विद्यालयस्तरीय संजालहरुको स्थापना, संस्थागत विकास र वालभेलाका लागि आवश्यक सहयोग जस्तै : विभिन्न अभियान सञ्चालनका लागि फर्निचर, वालभित्ते पत्रिकाका वोर्ड तथा स्टेशनरी सहयोग आदि,
- ✓ किशोरी किशोरहरुमा मानसिक र शारिरीक स्वास्थमा आउने परिवर्तन र यस सम्वन्धी व्यवस्थापन सम्वन्धी ज्ञान र चेतना अभिवृधि जस्तै : महिला कक्षा शिक्षिका, वालक्लवका महिला सदस्यका लागि सरसफाई सम्वन्धी तालिम, किशोरी र किशोरीहरुको नेतृत्व विकास गर्ने खालका कार्यक्रम, बाल बिवाह विरुद्ध अभियान कार्यक्रम, बालश्रम विरुद्धको कार्यक्रम, किशोरी शिक्षा अभियान कार्यक्रम र बैकल्पिक विद्यालय स्थापना,
- ✓ जीवन उपयोगी सीपहरु सम्वन्धी ज्ञानको अभिवृद्धि, प्राथमिक स्वास्थ्य सेवा, एच.आई.भी÷एडस, प्रजनन स्वास्थ्य सम्वन्धी कार्यक्रम,
- ✓ जन्म दर्ता अभियान कार्यक्रममा सहयोग, विभिन्न खोप अभियानहरु कार्यक्रमहरुमा सहयोग, पोषण कार्यक्रममा सहयोग, जोखिममा परेका बालबालिकाहरुको लागि सहयोग कार्यक्रम, सूचना र संचारमा पहुँच र उपयोगिता, बालबालिकाहरुको क्षमता विकास र सशक्तिकरण सम्वन्धी कार्यक्रम,
- ✓ बाल स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकीहरुमा बालबालिकाहरुको स्वास्थ्य सेबाका लागि आवश्यक सामाग्रीहरु, औषधी उपचारसहयोग,
- ✓ समुदायमा आधारित सूचना प्रणलीको विकास, सहभागितामूलक अनुगमन विधिहरुको विकास (उदाहरणः सामुदायिक सूचना पाटी, बालबालिकाहरुको क्षेत्रमा काम गर्ने स्वयंसेविकाहरु जस्तै : सामुदायिक परिचालिकाहरुको क्षमता अभिवृद्धि, संजाल निमार्ण नियमित बैठक सञ्चालनमा सहयोग कार्यक्रम),
- ✓ बालबालिकाहरुको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुर्याउनेग्रामीण सहजकर्ताहरुको परिचालन, क्षमता अभिवृद्धि, बालबालिकाहरुको अवस्थामा सुधार ल्याउने कार्यक्रममा सहयोग पुर्याउनेसहजकर्ता, सामुदायिक परिचालिकाहरुको लागि व्यवस्थापन सहयोग, उत्प्रेरणामूलक पुरस्कार आदी,
- ✓ नगरपालिकामा बालबालिकाहरुको विकासको योजना तर्जुमा, समिक्षा गर्न समन्वयं समिति बैठकमा सहयोग, बालबालिकाहरुको अवस्था विश्लेषण गर्न सर्भेक्षण, बालबालिकाहरुको प्रोफाईल तयार आदि ।
- ✓ मागमा आधारित विभिन्न खेलकुद कार्यक्रमहरु सञ्चालन,
- ✓ युवा क्लवहरु गठन, परिचालन तथन विभिन्न सृजनात्मक क्रिmयाकलापहरु सञ्चालन,



लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भल्का, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

✓ युवाहरुको मागमा आधारित विभिन्न प्रवर्द्धनात्मक गतिविधिहरु सञ्चालन।

**(३) आदिबासी/जनजाति, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिए वर्ग र अन्य विपन्न वर्गका लागि लक्षित कार्यक्रम :**

**(क) पूर्वाधार विकास :**

- ✓ खानेपानी तथा सरसफाई : इनार निमार्ण तथा मर्मत, धारा निमार्ण तथा मर्मत सुधार ट्याङ्गी निमार्ण, खानेपानी श्रोत संरक्षण, सार्वजनिक शौचालय निर्मार्ण, मर्मत र सम्भार
- ✓ बैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, खाद्य प्रशोधन आदि योजनाहरु
- ✓ स्थानीय तहका सामाजिक पूँजी अभिबृद्धि गर्ने तथा सञ्चालन गर्न समुदायिक भवन निमार्ण तथा मर्मत
- ✓ सांस्कृतिक/पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधारा संरक्षण तथा मर्मत सुधार

**(ख) प्रवर्धनात्मक (सामाजिक विकास/क्षमता विकासख/आर्थिक विकास/सीप विकास र अन्य) :**

- ✓ पछाडि परेका तथा पारिएका विपन्न वर्गहरुको पाश्र्वचित्र तयारी तथा विपन्न वर्गको नक्साङकन तयारी,
- ✓ नगरपालिका एवं विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट सञ्चालन गर्ने विकासको कार्यको समय सीमा, कार्य पद्धति, बञ्चितमा परेको समुदाय र जनताका लागि विद्यमान नीतिगत प्रावधानहरु सम्वन्धी जनचेतना जगाउने कार्यक्रम,
- ✓ बैदेशिक रोजगारीको लागि आवश्यक जानकारी र सीपको विकास,
- ✓ लोक सेवा÷शिक्षक सेवा लगाय अन्य विभिन्न सरकारी सेवा तयारी कक्षा सञ्चालन,
- ✓ अधिकारमा आधारित विकास अवधारणा, विभेदयुक्त, प्रचलन, मानव अधिकार, नीति, कानुन आदिबारे चेतना अभिवृद्धि कार्यक्रम,
- ✓ न्यायिक समितिको गठन तथा कार्य सम्पादनबारे जानकारी,
- ✓ विपन्न पछाडि परेका वर्गहरुको समूह र सञ्जालहरुको सुदृढीकरण र संस्थागत विकास कार्यक्रम,
- ✓ नेतृत्व विकास कार्यक्रम र सशक्तिकरण सम्वन्धी कार्यक्रम,
- ✓ यौनिक तथा दैंगिक अल्पसंख्यक समुदायको विकास,
- ✓ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाजिक सुरक्षा, क्षमता विकास सम्वन्धी कार्यक्रम,
- ✓ समाजमा सबै भाषा, धर्म र जातिहरु प्रति सदभाव जगाउन उन्मुख गराउने कार्यक्रम र जनचेतनामुलक आदि कार्यक्रम,
- ✓ यसैगरी आर्थिक तथा सीप विकास तर्फ कसषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरुको सञ्चालन तथा व्यवस्थापन,
- ✓ जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार,

लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भरका, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

- ✓ लक्षित समूहहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिमहरु र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निमार्ण तथा सहकारी सम्वन्धी क्रियाकलापहरु ।
- ✓ यसैगरी घरेलु तथा लघुउद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन एवम् प्रवद्र्धन गर्दै बजार मैत्री रुपमा आधुनिकीकरण गर्ने, लक्षित समूहको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु जस्ता कार्यक्रम ।